संघीय संसद्

# राष्ट्रिय सभा

## पाँचौं अधिवेशन

## बैठक - १६

# सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ फाल्गुण ०५ गते सोमबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **सोह्रौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका माननीय सदस्य दुर्गाप्रसाद उपाध्याय र पहिलो संविधान सभा सदस्य सिद्धार्थकुमार सोमानीको निधन भएकोमा निम्न लिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुभयोः

शोक प्रस्तावहरू

"वि.स. २०७४ सालको राष्ट्रिय सभा निर्वाचनमा प्रदेश नं. ५ बाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित दुर्गाप्रसाद उपाध्यायको ५१ वर्षको उमेरमा मिति २०७६ साल फागुन २ गते शुक्रबार क्यान्सर रोगको उपचारको क्रममा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. उपाध्याय नेपाली काँग्रेस पार्टीका सक्रिय नेता हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

"वि.स. २०६४ सालको संविधानसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सिद्धार्थकुमार सोमानीको ५२ वर्षको उमेरमा मिति २०७६ साल माघ २५ गते शनिबारका दिन असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. सोमानी नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) सँग सम्बद्ध हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात् सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावहरुलाई पारित गरिदिन अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सभाले स्व. दुर्गाप्रसाद उपाध्याय र स्व. सिद्धार्थकुमार सोमानीको आत्माको चीर(शान्तिको लागि उठेर एक मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल फागुन ६ गते मंगलबार दिनको १:०० बजे बस्ने गरी दिनको १:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव